मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- ०८३।०८४
चलानी नं. :- ६५

मितिः२०८३/०४/१३

**मिर्गौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराई रहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका रोगीको औषधिउपचार खर्च नविकरण तथा नयाँ दर्ता सम्वन्धि**

**सूचना !**

यस नगरपालिकाको विभिन्न वडाहरुमा बसोबास गरिरहेका नागरिकहरु मध्ये दीर्घरोगी **(मिर्गौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराई रहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भई उपचार गराई रहेका)** बिरामीहरुलाई उपलब्ध गराईएको मासिक उपचार खर्च आ.व. २०८३/०८४ मा नविकरण गरी नियमित सुबिधा उपलब्ध गराउनको लागि तथा नयाँ विरामीहरुको समेत नाम दर्ता गरि औषधि उपचार खर्च उपलब्ध गराउनु पर्ने भएकोले **२०८३ भाद्र महिना भित्र** तपशिलका कागजातहरु सहित सम्वन्धित वडामा दर्ता गराई वडाको सिफारिस सहित यस नगरपालिकाको स्वास्थ्य शाखामा निवेदन पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तमसिलः**

१. अनुसूची १ सम्वन्धित चिकित्सकले प्रमाणित गरेको हुनुपर्ने ।
२. अनुसूची २ आवश्यक जानकारी सहितको निवेदन ।
३. सम्वन्धित वडा कार्यालयवाट सक्कल सिफारिस ।
४. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
५. बसाईसरि आएकोमा बसाईसराईको प्रतिलिपि ।
६. नाबालकको हकमा जन्मदर्ताको प्रतिलिपि ।
७. सम्वन्धित अस्पतालवाट रोग निदान भएको तथा नविकरण गरिने विरामीको हकमा तत्काल फलोअप गरिएको कागजातको प्रतिलिपि ।
८. मेरुदण्ड पक्षघात विरामीको हकमा अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि ।
९. राष्ट्रिरय वाणिज्य वैंकको चेकको फोटोकपी

**नोटः- नोटः नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था वा संगठनवाट रोजगारी, निवृत्तिभरण वा विदेशी सरकारवाट पेन्सन प्राप्त गरिरहेका व्यक्तिहरु र विभिन्न नेपाल सरकारवाट उपलब्ध गराईदै आएको विभिन्न सामाजिक सूरक्षा भत्ता पाईरहेका व्यक्तिहरुलाई यो सुविधा उपलब्ध हुने छैन साथै थप जानकारीको लागि म.न.पा. स्वास्थ्य शाखामा सम्पर्क गर्न सकिनेछ ।**

नि. प्रमुख प्रशासकीय अधिकृत
मन्थली नगरपालिका
मन्थली रामेछाप

निमित्त प्रमुख प्रशासकीय अधिकृत

: ito.manthalimun@gmail.com
: www.manthalimun.gov.np